नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

(कृपया पत्रोत्तरमा प्राप्त पत्रसंख्या र मिति अवश्य उल्लेख गर्नहोला)

मिति: २०७९।०४।१२

पत्र संख्या : ०७८/७९
चलानी नं. :

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

## विषयः OMR Sheet मा उत्तर लेख्ने/मसी भर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नम्वर ३८/०७८/०७९ निम्न माध्यमिक तह अध्यापन अनुमतिपत्रको परीक्षामा सोधिने वस्तुगत वहुवैकल्पिक प्रश्नहरुको उत्तर **OMR Sheet** मा कालो मसी भएको कलमले लेख्दा/मसी भर्दा निम्नानुसारका विषयमा ध्यान दिनुहुन सबै उम्मेदवारहरुमा जानकारी गराइन्छ । साथै परीक्षामा सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने शिक्षा विकास तथा समन्वय इकाइहरुलाई समेत सोही अनुसार सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ ।

**ध्यान दिनुपर्ने विषयहरुः**

- **OMR Sheet** लाई धुलो, चिसोबाट बचाई, नच्याती ,प्वाल नपारी, नपट्याई प्रयोग गर्ने । जसका लागि केही नलेखिएको वाक्लो कागज वा कुट माथि राखेर लेख्ने व्यवस्था मिलाउने ।तोकिएको लेख्ने र मसी भर्ने ठाउँमा वाहेक अन्य ठाउँमा कही कतै मसी नलगाउने र नलेख्ने,
- सबैभन्दा पहिला आफ्नो नाम तोकिएको कोठामा अक्षर/अल्फावेट एक एक वटा लेखी पुरा गर्ने
- रोल नम्बर लेख्ने कोठाहरुमा आफ्नो प्रवेशपत्र हेरी ११ वटा अङ्क लेख्ने,
- अङ्कमा लेखेको रोल नम्वरलाई आधार मानि त्यसमा फरक नपर्ने गरी रोल नम्बर लेख्ने कोठा तलतिर रहेको ० देखि ९ सम्मका अङ्क रहेको गोलो घेरामा आफ्नो रोल नम्बरको अङ्क जति छ त्यसको सिधा तलको गोलो घेराको सोही अङ्कलाई छोप्ने गरी मसी भर्ने । **OMR Machine** ले उत्तरपुस्तिका पढ्दा अङ्क र अक्षरलाई नपढी मसी भरेको बबललाइ मात्र पढी अङ्क दिने हुँदा सोही अनुसार सजग रहने,
- वि.नं. लेख्ने कोठामा ३८/०७८/०७९ लेख्ने,
- तह लेख्ने कोठामा निम्न माध्यमिक लेख्ने
- विषय लेख्ने कोठामा आफुले पढेको मुख्य एक विषय लेख्ने,
- परीक्षाको किसिममा अध्यापन अनुमतिपत्र लेखिएको छेउको घेरामा मसी भर्ने,
- **Set** सङ्केत गर्नका लागि तपाईले पाएको प्रश्नपत्रको सिरानमा सेट **A, B, C, D** मध्ये कुनै एक लेखिएको हुनेछ । सोही अनुसार आफुले पाएको प्रश्नमा रहेको **A,B,C,D** मध्ये एक उत्तरपुस्तिकामा रहेको घेरामा मसी भर्ने,

उप-सचिव

- प्रश्नको सही उत्तर छानि मसी भर्ने । प्रश्नपत्रमा रहेको प्रश्न नं. र प्रश्न पढ्ने । उक्त प्रश्नको उत्तर त्यहाँ दिएका चार विकल्प **A, B, C, D** मध्ये एक छान्नुहोस् र उक्त सही विकल्प सोही नं. मा रहेका चारवटा **A, B, C, D** का घेरामध्ये सही एकमा मात्र मसी भर्ने । सबै काम सकिएपछि एक पटक पुनः हेर्नुहोस् । तर तोकिएको ठाउँमा भन्दा बढी घेरामा मसी नभर्ने । मसी घेरा भरी पार्ने । घेराभन्दा बाहिर नभर्ने, प्वाल नपार्ने, नपट्याउने, उत्तरपुस्तिका परीक्षा हलमा रहेका कर्मचारीलाई बुझाउने,
- **OMR Sheet** एउटा मात्र पाइनेछ । साट्न वा थप अर्को लिन नपाइने हुँदा सजग रहेर प्रयोग गर्ने,
- माथि उल्लिखित कुराहरु पालना नहुदाँ परीक्षा स्वतः रद्द हुनेछ । सचेत रहनुहोस् ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०..६

(रेणुका पाण्डे )
उपसचिव

नेपाल सरकार
**शिक्षक सेवा आयोग**

नमूनाको लागि मात्र

**वस्तुगत बहुवैकल्पिक उत्तरपुस्तिका**

**Applicant's Name in English (IN BLOCK LETTERS)**

| First Name | Middle Name | Last Name |
|---|---|---|
| SARITA | KUMARI | LIMBU |

**Roll Number**

(गोलो घेरामा मसी भर्ने प्रयोजनका लागि)

3 8 1 2 0 0 0 0 2 5 5

**निर्देशन :**

गलत तरिका — सही तरिका

१. उम्मेदवारले आफ्नो नाम, रोल नं., जन्म मिति, विज्ञापन नं., तह र विषय उल्लेख गरी दस्तखत गर्नुपर्ने छ।

२. आफ्नो उत्तरपुस्तिकामा आफूले प्राप्त गरेको प्रश्नपत्रको सेट (SET) मा गोलो घेरामा मसी भर्नुपर्ने छ।

३. सही उत्तरको कोठाभित्र मात्र पूरै ढाक्ने गरी कालो डटपेन वा जेल पेन (Black Pen or Gel Pen) ले राम्ररी गोलो घेरामा मसी भर्नुपर्ने छ।

४. एकपटक लेखिसकेपछि त्यसलाई मेट्न, केर्न र दोहोरो संकेत गर्न पाइने छैन।

५. उत्तरपुस्तिकालाई मोड्न, कोर्न, खुम्च्याउन र च्यात्न पाइने छैन।

| बि.नं.: | तह (Level) | विषय | उम्मेद्वारको दस्तखत (कोठाभित्र पर्ने गरी) |
|---|---|---|---|
| ३८/०८१/०८१ | प्राथमिक ○<br>निम्नमाध्यमिक ●<br>माध्यमिक ○ | नेपाली | |

**300002**

निरीक्षकको दस्तखत
(कोठाभित्र पर्ने गरी)

केन्द्राध्यक्षको दस्तखत
(कोठाभित्र पर्ने गरी)

परीक्षाको किसिम (Exam Type)

अध्यापन अनुमति पत्र ● खुला (सामान्य परीक्षा) ○ आ. प्र. ○

SET: Ⓐ● Ⓑ Ⓒ Ⓓ

| Q | Ans | Q | Ans | Q | Ans | Q | Ans | Q | Ans |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A | 11 | D | 21 | B | 31 | A | 41 | D |
| 2 | C | 12 | C | 22 | B | 32 | B | 42 | C |
| 3 | C | 13 | C | 23 | C | 33 | C | 43 | C |
| 4 | D | 14 | B | 24 | A | 34 | D | 44 | B |
| 5 | A | 15 | A | 25 | A | 35 | C | 45 | A |
| 6 | B | 16 | A | 26 | D | 36 | B | 46 | A |
| 7 | A | 17 | C | 27 | D | 37 | A | 47 | B |
| 8 | C | 18 | D | 28 | B | 38 | B | 48 | B |
| 9 | D | 19 | D | 29 | A | 39 | C | 49 | A |
| 10 | A | 20 | A | 30 | B | 40 | D | 50 | C |